# प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको अवसरलाई पहुँचयोग्य बनाई शिक्षा र तालिमलाई सिप, श्रम, रोजगारी, उत्पादन र समृद्धिसँग आवद्ध गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्न सक्ने आधारभूत, मध्यम तथा उच्चस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्छ।

(ग) "परिषद् सभा" भन्नाले दफा ५ बमोजिम स्थापना भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सभा सम्झनु पर्छ।

(घ) "प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम" भन्नाले मुलुकको विकास तथा समृद्धिका लागि विभिन्न क्षेत्रमा आवश्यक प्राविधिक तथा सिपयुक्त जनशक्ति तयार गर्न दिइने तह एकदेखि तह आठसम्मका औपचारिक शिक्षा, तालिम तथा सिप विकाससम्बन्धी सबै प्रकारका कार्यक्रम सम्झनु पर्छ।

(ङ) "प्रारुप" भन्नाले राष्ट्रिय योग्यता प्रारुप सम्झनु पर्छ ।

(च) "प्राविधिक शिक्षालय" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना भएको सार्वजनिक, सहकारी, साझेदारी वा निजी लगानीका शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले सिप विकास सम्बन्धी तालिम दिने प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापित संस्थालाई समेत जनाउँछ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "विधागत सिप समिति" भन्नाले दफा २० बमोजिमको विधागत सिप समिति सम्झनु पर्छ।

(झ) "सिप विकास तालिम" भन्नाले पेशागत एवम् व्यावसायिक कार्यसँग सम्बन्धित ज्ञान, सिप र क्षमता विकास सम्बन्धी छोटो अवधिका तालिम सम्झनु पर्छ र सो शब्दले औद्योगिक वा व्यावसायिक तालिम (एप्रेन्टिससिप), अनुभव, अनौपचारिक, वैकल्पिक तथा परम्परागत पेसाको माध्यमबाट सिकेको सिप तथा सिपमूलक तालिमलाई समेत जनाउँछ।

## परिच्छेद-२

## परिषद्‌को संगठन संरचना र काम, कर्तव्य तथा अधिकार

३. **प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्‌को स्थापनाः** (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कार्य गर्न राष्ट्रियस्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌को स्थापना गरिएको छ ।

(२) परिषद्‌को केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. **परिषद् स्वशासित र सङ्गठित संस्था हुनेः** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) परिषद्‌ले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **परिषद् सभाको गठनः** (१) परिषद्‌को सर्वोच्च निकायको रुपमा एक परिषद् सभा रहनेछ ।

(२) परिषद् सभाको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| (ख) | उपाध्यक्ष, परिषद् | -सदस्य |
| (ग) | सदस्य (शिक्षा हेर्ने), राष्ट्रिय योजना आयोग | -सदस्य |
| (घ) | विश्वविद्यालयका उपकुलपतिमध्ये अध्यक्षद्वारा मनोनीत एक जना | -सदस्य |
| (ङ) | चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष, निर्देशक वा सदस्य सचिव | -सदस्य |
| (च) | सचिव, मन्त्रालय | -सदस्य |
| (छ) | सचिव, नेपाल सरकारको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, नेपाल सरकारको श्रम सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (झ) | विश्वविद्यालयका प्राविधिक डिनहरुमध्येबाट अध्यक्षद्वारा मनोनित चार जना | -सदस्य |
| (ञ) | प्रदेश सरकारका सम्बन्धित विषय हेर्ने सचिवहरुमध्ये प्रदेशको नामको वर्णानुक्रम अनुसार प्रत्येक बैठकमा एक जना | -सदस्य |
| (ट) | गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघका अध्यक्षहरु | -सदस्य |
| (ठ) | निजी क्षेत्रका उद्योग संघ महासंघका अध्यक्षहरुमध्येबाट अध्यक्षद्वारा मनोनीत एक जना | -सदस्य |
| (ड) | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा ख्यातिप्राप्त विज्ञ मध्येबाट अध्यक्षले मनोनीत गरेको एक जना महिलासहित तीन जना | -सदस्य |
| (ढ) | साना, मझौला तथा ठूला उद्योग व्यावसायी तथा रोजगारदातामध्येबाट कम्तीमा दुई जना महिलासहित अध्यक्षले मनोनीत गरेका तीन जना | -सदस्य |
| (ण) | परिषद्‌को सदस्य सचिव | -सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (ड) र (ढ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी परिषद्‌ले निर्णय गरेमा अध्यक्षले जुनसुकै बखत निजलाई सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

६. <u>परिषद् सभाको काम, कर्तव्य र अधिकारः</u> परिषद् सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड तर्जुमा गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप अनुरुपको राष्ट्रिय व्यावसायिक पाठ्यक्रम प्रारूप तर्जुमा गर्ने

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको मुल्याङ्कन गर्ने

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने

(ङ) राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको कार्यान्वयन गर्ने गराउने

(च) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुको स्तरनिर्धारण र प्रत्यायन सम्बन्धी कार्य गर्ने गराउने

(छ) परिषद्‌को वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने

(ज) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने

(झ) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्यदल गठन गर्ने

(ञ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने

७. <u>परिषद् सभाको बैठक र निर्णयः</u> (१) परिषद् सभाको बैठक बर्षमा कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद् सभाको बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्‌को सदस्य सचिवले सभाका सदस्यलाई दिनेछ।

(३) परिषद् सभामा तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद् सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) परिषद् सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) परिषद् सभाको बैठकमा कुनै व्यक्ति, पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) परिषद् सभाको बैठकमा छलफल वा निर्णयको लागि पेश भएको कुनै विषयमा कुनै सदस्यको व्यक्तिगत हित, चासो, सरोकार वा स्वार्थ रहेको भएमा त्यसको जानकारी अध्यक्षलाई गराइ सो विषयमा हुने छलफल वा निर्णयको प्रक्रियामा भाग लिनु हुँदैन।

(७) परिषद् सभाको बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछन्।

(८) परिषद् सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

८. <u>कार्यकारी समितिः</u> (१) परिषद्‌को कार्यकारी निकायको रुपमा कार्यसम्पादन गर्न एक कार्यकारी समिति रहने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) उपाध्यक्ष, परिषद् उपाध्यक्ष

(ग) सदस्य (शिक्षा हेर्ने), राष्ट्रिय योजना आयोग -सदस्य

(घ) सचिव, मन्त्रालय -सदस्य

(ङ) दफा ५ को उपदफा (२) को खण्ड (ड) बमोजिमका तीन जना सदस्य -सदस्य

(च) निजी क्षेत्रका उद्योग व्यवसाय संघ महासंघका अध्यक्षमध्ये समितिका अध्यक्षद्वारा मनोनीत एक जना -सदस्य

(छ) परिषद्को सदस्य-सचिव -सदस्य-सचिव

९. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u> कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को वार्षिक कार्यक्रम तथा बजेट सभाबाट स्वीकृत गराइ कार्यान्वयन गर्ने, गराउने,

(ख) प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास सम्बन्धी जनशक्ति प्रक्षेपण गर्ने गराउने

(ग) प्रशिक्षण अनुमतिपत्रको लागि आवश्यक नीति तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने,

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय पाठ्यक्रम प्रारुपको कार्यान्वयन गर्ने

(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको स्तर निर्धारण गर्ने र मान्यता प्रदान सम्बन्धी कार्य गर्ने,

(च) परिषद् र अन्तर्गतका निकायमा जनशक्ति व्यवस्थापन गर्ने,

(छ) राष्ट्रिय व्यावसायिक योग्यता प्रारुपको कार्यान्वयन गर्ने,

(ज) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विदेशी शैक्षिक तथा तालिम प्रदायक संस्थाबाट प्राप्त प्रमाणपत्रको समकक्षता निर्धारण सम्बन्धी कार्य गर्ने,

(झ) विद्यार्थी रजिष्ट्रेशन तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने गराउने

(ञ) प्रदेश र स्थानीय तहबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिमसँग सम्बन्धित कार्यक्रमको उपलब्धिको आवधिक समीक्षा गर्ने,

(ट) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सञ्चालित शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ठ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी सभामा पेश गर्ने,

(ड) सिप तथा व्यावसायिक योग्यताको वर्गीकरण, स्तरीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य गराउने

(ढ) आन्तरिक लेखा परीक्षण गर्न आवश्यक प्रबन्ध गर्ने,

(ण) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग द्विपक्षीय वा बहुपक्षीय सहयोग र समन्वय सम्बन्धी कार्य गर्ने

१०. <u>कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) कार्यकारी समितिको बैठकको सूचना र छलफल हुने विषय त्यस्तो बैठक बस्ने समय भन्दा सामान्यतया चौबीस घण्टा अगावै सदस्य सचिवले सदस्यहरुलाई उपलब्ध गराउनेछ।

(३) कार्यकारी समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा कार्यकारी समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) कार्यकारी समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) कार्यकारी समितिले आवश्यकता अनुसार नेपाल सरकारका कुनै पदाधिकारी, कुनै निकाय वा संघ, संस्थाका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) कार्यकारी समितिको बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(८) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>उपाध्यक्ष सम्बन्धी व्यवस्था</u>: (१) परिषदमा पुरा समय काम गर्ने गरी एक उपाध्यक्ष रहनेछ।

(२) दफा १२ बमोजिमको समितिले सिफारिस गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले उपाध्यक्ष नियुक्त गर्नेछ ।

(३) उपाध्यक्षको पदावधि नियुक्त भएको मितिले चार बर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षमा कार्यक्षमताको अभाव भएमा वा निजले पदीय जिम्मेवारी पुरा नगरेमा वा निजको काम सन्तोषजनक नभएमा वा निजले परिषद्को हित विपरितको कार्य गरेको प्रमाणित भएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

(५) उपाध्यक्षको पारिश्रमिक, सेवाको अन्य शर्त र सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. <u>उपाध्यक्षको योग्यता</u>: उपाध्यक्षको पदमा नियुक्त हुनको लागि देहायका योग्यता पुगेको हुनु पर्नेछ:

(क) नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा कम्तिमा ३ वर्ष वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा कम्तिमा ७ वर्षको अनुभव हासिल गरेको व्यक्तिहरू मध्येबाट वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै एउटा विधामा कम्तिमा स्नातकोत्तर भई प्राध्यापकको रुपमा कम्तिमा ३ वर्ष वा सहप्राध्यापकको रुपमा कम्तिमा ७ वर्षको अनुभव हासिल गरेको

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) परिषद्सँग कुनै किसिमको स्वार्थको द्वन्द नभएको।

१३. <u>सिफारिस समिति</u>: (१) उपाध्यक्ष र सदस्य सचिव नियुक्तिको लागि उपयुक्त व्यक्ति छनोट गरी नेपाल सरकार समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ:

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य -संयोजक

(ख) राष्ट्रिय योजना आयोगको शिक्षा हेर्ने सदस्य - सदस्य

(ग) मन्त्रालयको सचिव - सदस्य

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिले आफ्नो कार्य प्रारम्भ गरेको मितिले बढीमा तीस दिनभित्र नेपाल सरकार समक्ष नाम सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सिफारिस समितिले सम्पादन गर्ने सिफारिस सम्बन्धी अन्य व्यवस्था सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **सदस्य-सचिव सम्बन्धी व्यवस्थाः** (१) परिषद्को प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न एक सदस्य-सचिव रहनेछ ।

(२) सदस्य-सचिवको नियुक्ति नेपाल सरकारबाट हुनेछ ।

(३) सदस्य-सचिव पूरा समय काम गर्ने पदाधिकारी हुनेछ र निजको पदावधि चार बर्षको हुनेछ।

(४) दफा (११) बमोजिमको सिफारिस समितिले देहायको आधारमा परिषद्को अधिकृत स्तरको प्रथम श्रेणीको पदमा कम्तीमा पाँच बर्ष काम गरेका कर्मचारीहरु मध्येबाट छनौट गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जनाको नाम सदस्य सचिवको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछः

(क) शैक्षिक योग्यता र तालिम

(ख) अनुभव/ कार्यसम्पादन मुल्याङ्कन

(ग) परिषद्को व्यवसायिक कार्ययोजना

(घ) कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता

(५) उपदफा (३) बमोजिम सिफारिस गर्दा समितिले आफ्नो कार्य प्रारम्भ गरेको मितिले बढीमा तीस दिनभित्र नेपाल सरकार समक्ष नाम सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य सचिवले आफ्नो पद अनुरुपको आचरण नगरेको, पदीय जिम्मेवारी पूरा नगरेको वा परिषद्को हित विपरीत कार्य गरेको देखिएमा नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(७) सदस्य सचिवले परिषद्को कर्मचारीले पाए सरहको विदा लगायतका सुविधा पाउनेछ। सदस्य सचिवले अध्यक्षबाट बिदा स्वीकृत गराउनु पर्नेछ ।

(८) सदस्य सचिवको पारिश्रमिक र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(९) ऐन बमोजिम सदस्य सचिव नियुक्ति नभएसम्म वा निजको अनुपस्थितिमा परिषद्को प्रथम श्रेणीको सबैभन्दा बरिष्ठतम् अधिकृतले निमित्त सदस्य सचिव भई कार्य गर्नेछ ।

१५. **सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद् सभा र कार्यकारी समितिमा पेश गर्नु पर्ने प्रस्ताव तयार गर्ने, गराउने,

(ख) परिषद् सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी कार्यकारी समितिमा पेश गर्ने,

(घ) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्न, गराउन आवश्यक व्यवस्था मिलाउने,

(ङ) परिषद्को वित्तीय कारोबार गर्ने र सोको अभिलेख राख्न लगाउने,

(च) परिषद्को वार्षिक कार्यक्रमको मूल्याङ्कन गराउने तथा त्यसको प्रगति कार्यकारी समितिमा पेश गर्ने,

(छ) परिषद्को आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, परिषद्को बेरुजु फछ्र्यौट सम्बन्धी काम गर्ने,

(ज) परिषद्को सम्पत्तिको संरक्षण तथा उपयोग सम्बन्धमा आवश्यक कार्य गर्ने, गराउने,

(झ) परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने गराउने,

(ञ) परिषद् सभा र कार्यकारी समितिबाट प्रत्यायोजित काम गर्ने गराउने।

## परिच्छेद-४

## योग्यता निर्धारण, समकक्षता र पारगम्यतासम्बन्धी व्यवस्था

१६. **राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप:** (१) राष्ट्रिय योग्यता प्रारुप बमोजिम तह एकदेखि तह आठसम्म उपाधि कायम हुने गरी अनुसूची-१ बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय योग्यता प्रारुप सम्बन्धी कानून नबनेसम्मको लागि राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय योग्यता प्रारुपको अधीनमा रही प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको क्रेडिट, योग्यता, र कार्यक्रमगत उपाधिको निर्धारण हुनेछ।

(४) राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **योग्यता निर्धारण**: (१) राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप बमोजिम परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको औपचारिक, अनौपचारिक र अरितिक माध्यमबाट प्राप्त ज्ञान र सिपको योग्यता निर्धारण गर्नेछ।

(२) उपदफा बमोजिम निर्धारित योग्यताको आधारमा परिषद्ले दक्षता र क्षमता खुल्ने तहगत योग्यता प्रमाणपत्र उपलब्ध गराउनेछ।

(३) सबै प्रकारका व्यावसायिक सिप विकास तालिममा आवद्ध हुने प्रशिक्षार्थीले उपदफा (१) बमोजिम प्राप्त सिप वा व्यावसायिक योग्यताको परीक्षण र प्रमाणीकरण गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदान गरिने तहगत योग्यता प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **समकक्षता र पारगम्यता**: (१) दफा १६ बमोजिम निर्धारित योग्यताको आधारमा परिषद्ले औपचारिक, अनौपचारिक र अरितिक माध्यमबाट प्राप्त ज्ञान तथा सिप र विदेशबाट प्राप्त प्राविधिक तथा व्यावसायिक शिक्षाको औपचारिक योग्यताको समकक्षता निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समकक्षताको आधारमा राष्ट्रिय योग्यता प्रारूप बमोजिम एक विधाबाट अर्को विधामा, प्राविधिक तथा व्यावसायिक शिक्षाबाट साधारण शिक्षामा र साधारण शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा प्रवेश पाउन सक्ने गरी पारगम्यताको व्यवस्था गरिनेछ।

(३) समकक्षता तथा पारगम्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **राष्ट्रिय व्यावसायिक योग्यता प्रमाणीकरण समिति**: (१) राष्ट्रिय योग्यता प्रारुप बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका सबै तहका पेशागत कार्यक्रम र प्रमाणपत्रको योग्यता निर्धारण सम्बन्धी कार्य गर्न परिषद् अन्तर्गत राष्ट्रिय व्यावसायिक योग्यता प्रमाणीकरण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिमको हुनेछः -

| | |
|---|---|
| (क) सदस्य सचिव, परिषद् | -अध्यक्ष |
| (ख) सहसचिव, मन्त्रालय | -सदस्य |
| (ग) सहसचिव, लोकसेवा आयोग | -सदस्य |
| (घ) सहसचिव, यूवा, श्रम तथा रोजगार मन्त्रालय | -सदस्य |
| (ङ) दफा ५ को उपदफा (२) को खण्ड (ट) बमोजिमको सदस्य | -सदस्य |
| (च) सम्बन्धित विषयको विधागत सीप समितिको संयोजक | -सदस्य |

(छ) सम्बन्धित विषय हेर्ने परिषद्को प्रथम श्रेणीको कर्मचारी -सदस्य-सचिव

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा दक्षता वा सिप वा श्रम वा अन्य विषयसँग सम्बन्धित बढीमा तीन जनासम्म विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) राष्ट्रिय व्यावसायिक योग्यता प्रमाणीकरण समितिले राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमका क्रेडिट निर्धारण, क्रेडिट हस्तान्तरण एवम् योग्यता निर्धारण, उपाधि तथा प्रमाणपत्रसम्बन्धी कार्य गर्नेछ।

२०. <u>विधागत सिप समितिः</u> (१) विषयगत रूपमा सञ्चालन गरिने सिप विकास तालिम कार्यक्रमका सम्बन्धमा परिषद्लाई सहयोग गर्न इन्जिनियरिङ, कृषि, वन, पशु विज्ञान, स्वास्थ्य, पर्यटन तथा सूचना प्रविधि सहितका समसामयिक विधामा कार्यकारी समितिले देहाय बमोजिम विधागत सिप समिति गठन गर्न सक्नेछ।

(क) सम्बन्धित उद्योग व्यवसायी संघको अध्यक्ष वा सो विधामा कम्तीमा सात वर्षको अनुभवप्राप्त व्यक्ति -संयोजक

(ख) उद्योग व्यवसायको सम्बन्धित विधामा कम्तीमा पाँच वर्षको अनुभवप्राप्त ५ जना सदस्य

(२) उपदफा (१) बमोजिमको प्रत्येक समितिले विधागत आवश्यकता पहिचान, पाठ्यक्रम विकास, सीप प्रमाणिका निर्माण गर्ने साथै औद्योगिक प्रशिक्षार्थी कार्यक्रम, कार्यस्थलको सिकाइ, योग्यता निर्धारण, परीक्षण र प्रमाणीकरणका लागि सिफारिस गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिका सदस्यको पदावधि दुइ वर्षको हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिमा परिषद्को सम्बन्धित शाखाको अधिकृतस्तरको कर्मचारी सदस्य सचिवको रुपमा रहनेछ ।

२१. <u>पाठ्यक्रमः</u> (१) राष्ट्रिय योग्यता प्रारुपको तहगत सक्षमताका आधारमा परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप तर्जुमा गर्ने छ ।

(२) राष्ट्रिय पाठ्यक्रम प्रारुपको अधीनमा रही प्रदेश तथा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यक्रमको पाठ्यक्रम निर्माण गरी लागू गर्न सक्नेछ।

तर त्यस्तो पाठ्यक्रम लागू गर्नुपूर्व सोको मान्यताका लागि परिषद्मा पेश गर्नु पर्नेछ।

(३) विधागत सिप समितिको सिफारिसमा परिषद्ले सिप विकास तालिम सम्बन्धी कार्यक्रमको पाठ्यक्रम स्वीकृत गर्नेछ ।

(४) परिषद्ले अनौपचारिक वा अरितिक माध्यमबाट ज्ञान तथा सिप प्राप्त गरेको व्यक्तिलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच पुर्‍याउने प्रयोजनको लागि सेतु पाठ्यक्रम (ब्रिज कोर्स) को विकास गर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि "सेतु पाठ्यक्रम" भन्नाले राष्ट्रिय योग्यता प्रारुप बमोजिम एक विधाबाट अर्को विधामा वा एक तहबाट अर्को तहमा प्रवेश गर्दा आवश्यक पर्ने अतिरिक्त विषयगत ज्ञान र दक्षता सम्बन्धी पाठ्यक्रम सम्झनु पर्छ।

२२. <u>पाठ्यक्रम तथा समकक्षता निर्धारण समिति सम्बन्धी व्यवस्थाः</u> (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पाठ्यक्रम प्रारुप तथा विदेशी शिक्षण संस्थाबाट हासिल गरेको प्राविधिक शिक्षासम्बन्धी शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने कार्यको लागि देहाय बमोजिमको पाठ्यक्रम तथा समकक्षता निर्धारण समिति रहनेछः

(१) उपाध्यक्ष, परिषद् -अध्यक्ष

(२) परिषद्को सदस्य सचिव -सदस्य

(३) सह-सचिव, मन्त्रालय -सदस्य

(४) सह-सचिव, लोक सेवा आयोग -सदस्य

(५) महानिर्देशक, पाठयक्रम विकास केन्द्र -सदस्य

(६) निर्देशक, विश्वविद्यालय अनुदान आयोग -सदस्य

(७) निर्देशक, सम्बन्धित विषय हेर्ने महाशाखा, परिषद् -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा सम्बन्धित विषयका बढीमा तीन जनासम्म विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

२३. <u>परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था:</u> (१) प्राविधिक तथा व्यावसायिक शिक्षाको परीक्षा सञ्चालन प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ। त्यसरी व्यवस्था नभएकोमा परिषदले परीक्षा सञ्चालनको व्यवस्था गर्नेछ ।

(२) परिषद्ले निर्धारण गरेको परीक्षा सञ्चालन सम्बन्धी मापदण्डको अधीनमा रही प्रदेश सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षाको परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (२) र (३) बमोजिम सञ्चालन हुने परीक्षाको तालिकाको तर्जुमा र स्वीकृति, परीक्षाको तयारी, परीक्षाफल प्रकाशन, प्रमाणीकरण तथा प्रमाणपत्र जारी गर्ने काम परीक्षा नियन्त्रण कार्यालयले गर्नेछ।

(४) प्राविधिक तथा व्यावसायिक शिक्षाको परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. <u>स्तर निर्धारण र प्रत्यायन:</u> (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन गर्ने प्राविधिक शिक्षालयको स्तरनिर्धारण र प्रत्यायन सम्बन्धी कार्य परिषद्ले गर्नेछ ।

२५. <u>राष्ट्रिय मापदण्ड निर्धारण:</u> (१) परिषद्को सिफारिसमा मन्त्रालयले प्राविधिक शिक्षालयको स्थापना, सञ्चालन र नियमनका लागि गुणस्तर, मापदण्ड, शिक्षक तथा प्रशिक्षकको योग्यता, शैक्षिक तथा भौतिक पूर्वाधार र व्यावसायिक योग्यतासम्बन्धी राष्ट्रिय मापदण्डको निर्धारण गर्नेछ।

(२) राष्ट्रिय मापदण्ड निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. <u>कार्यस्थलमा आधारित सिकाइसम्बन्धी व्यवस्था</u>: (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन गर्ने संस्था वा उद्योगले कार्यस्थलको सिकाइमा आधारित औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टिससिप) लगायतका तालिम तथा प्रशिक्षण सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एप्रेन्टिससिप कार्यक्रमको व्यवस्थापन तथा अनुमति प्रदान गर्न देहाय बमोजिमको औद्योगिक प्रशिक्षार्थी तालीम समिति रहनेछः -

(क) सदस्य-सचिव, परिषद् -अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, उद्योग मन्त्रालय -सदस्य

(घ) सहसचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय -सदस्य

(ङ) सम्बन्धित विधागत सीप समितिका संयोजक -सदस्य

(च) उद्योग व्यवसायी संघ महासंघका प्रतिनिधिहरुमध्येबाट अध्यक्षद्वारा मनोनीत कम्तीमा एक महिलासहित तीन जना - सदस्य

(छ) निर्देशक, सम्बन्धित विषय हेर्ने महाशाखा, परिषद् - सदस्य-सचिव

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्ने उद्योग वा सेवाक्षेत्रलाई परिषद्ले आवश्यक सुविधा उपलब्ध गराउन सक्नेछ ।

(४) एप्रेन्टिससिपसम्बन्धी सैद्धान्तिक र कार्यस्थलको सिकाई दोहोरो ढाँचा (ड्युअल मोडल) मा आधारित भई पाठ्यक्रममा निर्धारण भए बमोजिम हुनेछ ।

(५) एप्रेन्टिससिप तालिम तथा प्रशिक्षणबाट हासिल गरेको सीप र दक्षतालाई क्रेडिट सञ्चय प्रणालीमा आवद्ध गर्न सकिनेछ ।

(६) औद्योगिक प्रशिक्षार्थी तालीम समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टिससीप) कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(ख) प्रशिक्षार्थी छनोट, भर्ना तथा उद्योगमा कार्यस्थल सिकाइको व्यवस्था मिलाउने,

(ग) कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गर्ने,

(घ) प्रशिक्षार्थीको सुरक्षा, सुविधा तथा सिकाइको गुणस्तर सुनिश्चित गर्ने,

(ङ) प्रशिक्षक, उद्योग तथा तालिम प्रदायक संस्थाबीच समन्वय गर्ने,

(च) कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रगति समीक्षा गर्ने,

(छ) प्रशिक्षार्थीको मूल्याङ्कन तथा प्रमाणीकरण प्रक्रियामा सहजीकरण गर्ने,

(ज) आवश्यकतानुसार उद्योग, प्रतिष्ठान तथा अन्य निकायसँग सहकार्य र समन्वय गर्ने,

(७) उपदफा (१) बमोजिमको समितिका मनोनीत सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(८) तालिम समितिको बैठक सम्बन्धी कार्यविधि र एप्रेन्टिससिप तालीम तथा प्रशिक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## प्राविधिक शिक्षालय सम्बन्धी व्यवस्था

२७. <u>शिक्षालयको स्थापना तथा सञ्चालनः</u> (१) यस ऐनको अधीनमा रही श्रम बजारको आवश्यकता र सीप नक्साङ्कनको आधारमा प्रदेश सरकारले आफ्नो प्रदेशभित्र प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयको सञ्चालन, व्यवस्थापन तथा नियमन प्रदेश सरकारमा हस्तान्तरण हुनेछ।

(३) उपदफा (२) बमोजिम हस्तान्तरण भएका प्राविधिक शिक्षालयको सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यका लागि प्रदेश सरकारले आवश्यक कानूनी प्रबन्ध गर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गर्दा दफा २५ बमोजिमको राष्ट्रिय मापदण्डको पालना गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम हस्तान्तरण भएको प्राविधिक शिक्षालयको सञ्चालन सम्बन्धमा प्रदेश कानूनमा व्यवस्था नहुँदासम्म प्रदेश सरकारको सिफारिसमा परिषद्ले त्यस्तो शिक्षालयको सञ्चालन तथा नियमनसम्बन्धी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(६) दफा २५ बमोजिमको राष्ट्रिय मापदण्ड तथा सो सम्बन्धमा प्रदेश सरकारले मापदण्ड बनाएको भए सोसमेतको प्रतिकूल नहुने गरी स्थानीय तहले विद्यालय शिक्षा सरहको प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपमूलक तालिमसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

(७) यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुनेछ।

(८) उपदफा (७) बमोजिम हस्तान्तरण भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको सञ्चालन, व्यवस्थापन र नियमन गर्न सम्बन्धित स्थानीय तहले आवश्यक कानूनी प्रबन्ध गर्नेछ।

(९) उपदफा (८) बमोजिम हस्तान्तरण भएको प्राविधिक शिक्षालयको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धमा स्थानीय कानूनमा व्यवस्था नहुँदासम्म स्थानीय तहको सिफारिसमा सम्बन्धित प्रदेश सरकारले त्यस्तो शिक्षालयको सञ्चालन, व्यवस्थापन तथा नियमनसम्बन्धी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२८. <u>विषय र स्थान परिवर्तन गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिने:</u> (१) यस ऐन बमोजिम शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिएका प्राविधिक शिक्षालयले श्रम बजारको आवश्यकता र नक्साङ्कनका आधारमा तोकिए बमोजिम शैक्षिक कार्यक्रम र स्थान परिवर्तन गरी सञ्चालन गर्न सक्नेछ।

२९. <u>शिक्षालय तथा कार्यक्रम गाभिन वा खारेज हुन सक्ने</u>: प्रदेश परिषद्ले यस ऐन बमोजिम शैक्षिक कार्यक्रम सञ्चालन भएका प्राविधिक शिक्षालयको श्रम बजारको आवश्यकता, विद्यार्थी संख्या, पुर्वाधार तथा नक्साङ्कनको आधारमा शिक्षालय तथा शैक्षिक कार्यक्रम गाभ्न वा खारेज गर्न सक्नेछ ।

## परिच्छेद-६

## <u>कर्मचारीसम्बन्धी व्यवस्था</u>

३०. <u>कर्मचारी:</u> (१) परिषद्मा आवश्यक संख्यामा कर्मचारी रहनेछन्।

(२) परिषद्को संगठन संरचना वा दरबन्दी थप गर्नु अघि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परिषद्को संगठन संरचना वा दरबन्दी स्वीकृत गर्दा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा कार्यरत प्रशिक्षक तथा कर्मचारीलाई परिषद् र प्रदेश सरकार अन्तर्गतका शिक्षालयमा कार्य गर्ने गरी एक बर्षभित्र समायोजन गरिनेछ।

(५) उपदफा (४) बमोजिम समायोजन गर्दा परिषद्का स्थायी कर्मचारीको हकमा प्रदेशमा हस्तान्तरण भएका शिक्षालय तथा कार्यालयको हाल स्वीकृत दरवन्दीको पदमा तोकिए बमोजिम समायोजन हुनेछन्।

(६) उपदफा (५) बमोजिम समायोजन भएका तथा यो ऐन जारी हुनुपूर्व परिषद् सेवामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीलाई मर्का पर्ने गरी सेवाका शर्तमा परिवर्तन गरिने छैन।

(७) परिषद्का प्रदेश कार्यालयमा हाल कार्यरत अस्थायी प्रकृतिका कर्मचारीको व्यवस्थापन प्रदेश परिषद्ले गर्न सक्नेछ।

## परिच्छेद-७

## <u>प्राविधिक प्रशिक्षण प्रतिष्ठान</u>

३१. <u>प्राविधिक प्रशिक्षण प्रतिष्ठान:</u> (१) सार्वजनिक तथा निजी क्षेत्रका लागि आवश्यक पर्ने प्रशिक्षक, कर्मचारी तथा प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि, सेवाकालीन तालिम, प्रशिक्षकको दक्षता परीक्षण र प्रमाणीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धमा तालिम, अनुसन्धान तथा नवप्रवर्तन तथा प्रशिक्षक अनुमतिपत्र सम्बन्धी कार्य गर्न परिषद् अन्तर्गत एक राष्ट्रियस्तरको प्राविधिक प्रशिक्षण प्रतिष्ठान रहनेछ।

(२) परिषद्ले प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा आवश्यक पर्ने कर्मचारी खटाउनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा प्राविधिक प्रशिक्षण प्रतिष्ठानले सार्वजनिक, सामुदायिक, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ।

(४) प्राविधिक प्रशिक्षण प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रशिक्षकको पूर्व सेवाकालीन तालिम, प्रशिक्षक र कर्मचारीको सेवाकालीन तालिम सञ्चालन गर्ने,

(ख) औद्योगिक तथा व्यावसायिक क्षेत्रमा कार्यरत भई दक्षता हासिल गरेका कम्पनी ट्रेनरलाई आवश्यक तालिम प्रदान गरी दक्षता प्रमाणित गर्ने,

(ग) प्रशिक्षक तथा कम्पनी ट्रेनरलाई औद्योगिक संलग्नता तथा प्रशिक्षण तालिम सञ्चालन गर्ने,

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमका क्षेत्रमा गुणस्तर सुनिश्चितताका लागि गुणस्तर परीक्षक तालिम प्रदान गर्ने,

(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका विविध विधा र क्षेत्रमा व्यवस्थापन, पाठ्यक्रम, प्रशिक्षण, मूल्याङ्कन लगायतका विभिन्न तालिम सञ्चालन गर्ने।

(च) प्रशिक्षक तथा कम्पनी ट्रेनरहरूको वृत्ति विकासका लागि राष्ट्रिय दक्षता मापदण्ड निर्धारण गरी सोही अनुसार प्रशिक्षणको व्यवस्था गर्ने, र आवश्यकताअनुसार क्रेडिट सञ्चय तथा स्थानान्तरण सहितको औपचारिक डिग्री हासिल गर्नका लागि अन्य विश्वविद्यालयसँग सहकार्य गर्ने,

(छ) प्रशिक्षक दक्षता परीक्षण तथा प्रशिक्षण अनुमति पत्र प्रदान गर्ने,

(५) उपदफा (४) बमोजिमको कार्य गर्न देहाय बमोजिमको प्राविधिक प्रशिक्षण प्रतिष्ठान व्यवस्थापन समिति रहनेछः -

| | |
|---|---|
| (क) उपाध्यक्ष, परिषद | -अध्यक्ष |
| (ख) सदस्य सचिव, परिषद् | -सदस्य |
| (ग) विश्वविद्यालयका डिनहरुमध्येबाट समितिले तोकेको सम्बन्धित विषयको डिन | -सदस्य |
| (घ) सहसचिव, मन्त्रालय | -सदस्य |
| (ङ) सहसचिव, लोक सेवा आयोग | -सदस्य |
| (च) सहसचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय | -सदस्य |
| (छ) प्राविधिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक | -सदस्य सचिव |

(६) प्राविधिक प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## प्रदेश र स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी व्यवस्था

३२. **प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना**: (१) प्रत्येक प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कार्य गर्न प्रदेश कानून बमोजिम सम्बन्धित विषयक्षेत्र हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् रहने छ।

(२) दफा (१) बमोजिमको परिषद् गठन गर्दा प्रदेश सरकारले आफ्नो प्रदेश भित्रका नगरपालिकाको प्रमुख तथा गाउँपालिकाको अध्यक्षहरु मध्येबाट पनि प्रतिनिधित्व गर्ने व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) राष्ट्रिय नीति, मापदण्ड र प्रारुपको अधीनमा रही प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सञ्चालन तथा व्यवस्थापन र सो सम्बन्धी आवश्यक प्रादेशिक कानून तथा संरचना निर्माण,

(ख) प्रदेशभित्र हालसम्म सञ्चालनमा रहेका आङ्गिक प्राविधिक शिक्षालय, बहुप्राविधिक शिक्षालय, साझेदारी प्रकृति तथा निजीस्तरमा सञ्चालित शिक्षालयको सञ्चालन, नियमन, अनुगमन र मूल्याङ्कन,

(ग) राष्ट्रिय मापदण्डको अधिनमा रही प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाको सम्बन्धन, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य,

(घ) शिक्षालयमा कार्यरत प्रशिक्षक तथा कर्मचारीको सञ्चालन, व्यवस्थापन तथा सेवा शर्त र सुविधा तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,

(ङ) निर्धारित पाठ्यक्रम, योग्यता र परीक्षा प्रणालीको अधीनमा रही प्रिडिप्लोमा, डिप्लोमा, औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (एप्रेन्टिससिप), लामो र छोटो अवधिका व्यावसायिक सिप विकास तालिमका कार्यक्रम सञ्चालन,

(च) प्रशिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि पेशागत तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन,

(छ) प्रदेश अन्तर्गतका स्थानीय तहहरुबीच प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी विषयमा समन्वय र सहजीकरण।

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको कार्यान्वयनका लागि प्रदेशमा सीप तथा व्यावसायिक योग्यता परीक्षण सम्बन्धी कार्य

(४) प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को अन्य काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ ।

३३. <u>स्थानीय तहको जिम्मेवारी र दायित्वः</u> स्थानीय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी जिम्मेवारी तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय तथा प्रादेशिक नीति, मापदण्ड र पाठ्यक्रमको अधीनमा रही सार्वजनिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रम सञ्चालन र नियमन,

(ख) स्थानीय तहभित्रका सार्वजनिक विद्यालयमा हालसम्म सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमको सञ्चालन, नियमन, अनुगमन र मूल्याङ्कन,

(ग) तालिम प्रदायक संस्था मार्फत राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप बमोजिम सिप विकास तालिम कार्यक्रम सञ्चालन र योग्यता परीक्षण

(घ) प्रशिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि छोटा अवधिका पेशागत तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन,

(ङ) सीप तथा व्यावसायिक योग्यता परीक्षणका लागि सञ्चालित सीप परीक्षण केन्द्र र सीप परीक्षण कार्यको अनुगमन

(च) स्थानीय तह अन्तर्गतका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी विषयमा समन्वय र सहजीकरण।

## परिच्छेद-९
## कोष तथा लेखा परीक्षण

३४. **परिषद्को कोषः** (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट प्राप्त अनुदान वा ऋण रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम परिषद्ले विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम प्रचलित कानून बमोजिम जम्मा गरिनेछ।

(५) परिषद्को सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

३५. **परिषद्को लेखा र लेखापरीक्षणः** (१) परिषद्को आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) मन्त्रालयले चाहेमा जुनसुकै बखत परिषद्को हिसाब किताब जाँच गर्न, गराउन सक्नेछ।

(३) परिषद्को आन्तरिक लेखा परीक्षण संघीय कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन सचिवले परिषद्मा पेश गर्नुपर्नेछ।

## परिच्छेद-१०
## विविध

३६. **निर्देशन दिन सक्नेः** (१) नेपाल सरकारले मन्त्रालयमार्फत परिषद्को काम कारवाही, निर्णय कार्यान्वयन वा कार्यसम्पादनका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको कार्यान्वयन गर्नु गराउनु परिषद्को कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिमको कुनै विषयमा अध्ययन वा जाँचबुझ गर्नु पर्ने देखिएमा त्यस्तो विषयमा मन्त्रालयले आवश्यक अध्ययन वा जाँचबुझ गर्न गराउन सक्नेछ।

३७. **एकीकृत श्रम बजार सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिनेः** प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम, उद्यमशीलता र रोजगारी सम्बन्धी विवरण एकीकृत सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

३८. **छात्रवृत्तिः** प्रचलित कानून बमोजिम गरिब परिवार परिचयपत्र प्राप्त गरेका, आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका व्यक्ति, दलित र सीमान्तकृत समुदायका व्यक्ति तथा तोकिएको दुर्गम क्षेत्रका व्यक्ति लगायतका लागि प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिममा पहुँच बढाउन आवासीय सुविधा र छात्रवृत्ति सहितको विशेष व्यवस्था गर्न सकिनेछ।

३९. **समिति वा उपसमिति गठन गर्न सक्नेः** (१) परिषद्ले कुनै अध्ययन, अनुसन्धान वा छानविन गर्नुपरेमा समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको समिति, उपसमिति वा कार्यदलको कार्यविवरण त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन हुँदाका बखत परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

४०. **काम कारबाही बदर नहुनेः** परिषद्को पदाधिकारीको स्थान रिक्त भएको वा पदाधिकारीको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र त्यस्तो पदाधिकारी संलग्न भई गरेको परिषद्को कुनै काम कारबाही बदर हुने छैन।

४१. **अनुगमन, मूल्याङ्कन र प्रतिवेदनः** (१) प्रदेश सरकार वा स्थानीय तहले आफूले प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम सञ्चालन गर्ने अनुमति दिएका संस्थाको शैक्षिक कार्यक्रमको सम्बन्धमा नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कनको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

४२. **वार्षिक प्रतिवेदन पेश गर्नेः** (१) परिषद्ले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन परिषद्ले सार्वजनिक गर्नुपर्नेछ।

४३. **ऐन कार्यान्वयन मापनः** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र सो अवधि पश्चात् प्रत्येक पाँच वर्षमा मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

४४. **सूचना प्रविधिको प्रयोगः**(१) परिषद्ले परिषद्को काममा आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी भए गरेको कुनै पनि काम-कारबाही, तालिम, सिप परीक्षण, पठन-पाठन, मूल्याङ्कन वा परीक्षा सञ्चालन रीतपूर्वक भए गरेको मानिनेछ।

४५. **बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारः** (१) परिषद्ले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम परिषद्मा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिम परिषद्मा संलग्न रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई पहिचान वा पुरस्कार वा प्रचलित कानून बमोजिम रोयल्टी उपलब्ध गराउन सक्नेछ।

४६. **विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई अध्ययन तथा आवधिक सेवाका लागि अनुबन्ध गर्न सकिनेः** (१) परिषद्ले परिषद् अन्तर्गतका शैक्षिक कार्यक्रम तथा सिप विकास सम्बन्धी तालिममा विदेशी नागरिक वा गैर आवासीय नेपालीलाई अध्ययन तथा तालिममा सहभागी हुने गरी व्यवस्था गर्न सक्नेछ।

(२) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई प्रशिक्षक वा अनुसन्धानकर्ताको रुपमा परिषद्ले अनुबन्ध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई प्रशिक्षक वा अनुसन्धानकर्ताको रुपमा अनुबन्ध गर्नु अघि मन्त्रालय मार्फत स्वीकृति प्राप्त गर्नु पर्नेछ।

४७. **स्वार्थ बाझिएमा काम कारबाही गर्न नहुनेः** यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने व्यक्तिले परिषद्को हित वा सरोकारसँग स्वार्थ बाझिने देखिएमा निज त्यस्तो काम कारबाही वा निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

४८. **परिषदको सम्पत्तिको संरक्षणः** कुनै कारणबाट परिषद् सञ्चालन हुन नसकी विघटन भएमा परिषद्को सम्पूर्ण सम्पत्ति नेपाल सरकारको हुनेछ।

४९. **सिट निर्धारण तथा विद्यार्थी भर्नाः** परिषद्ले सञ्चालन गर्ने शैक्षिक कार्यक्रमको सिट निर्धारण तथा विद्यार्थी भर्ना परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

५०. <u>अधिकार प्रत्यायोजन:</u> कार्यकारी समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को कुनै समिति, उपसमिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५१. <u>शिक्षण शुल्क निर्धारण गर्ने:</u> (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा अध्ययन वा अनुसन्धान गर्ने विद्यार्थी वा अनुसन्धानकर्ताले बुझाउनु पर्ने शिक्षण शुल्क परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम शुल्क निर्धारण गर्दा नेपाली नागरिक तथा विदेशी नागरिकको लागि फरक-फरक शुल्क र शर्त तोक्न सक्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून बमोजिम सञ्चालित शिक्षालयको शिक्षण शुल्क सम्बन्धित प्रदेश कानून बमोजिम हुनेछ।

५२. <u>नेपाल सरकारसँग सम्पर्क:</u> परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

५३. <u>यसै ऐन बमोजिम हुने</u>: अन्य निकायबाट सञ्चालन हुने प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम तथा प्रमाणीकरणका सम्बन्धमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ।

५४. <u>नियम बनाउने अधिकार:</u> (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५५. <u>विनियम बनाउन सक्ने:</u> (१) यस ऐनको अधीनमा रही परिषद्ले आवश्यक विनियम बनाउन सक्नेछः

(२) उपदफा (१) बमोजिमको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

(३) उपदफा (१) बमोजिमको विनियमबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने भएमा त्यस्तो विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

५६. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>: यो ऐनको कार्यान्वयनको लागि परिषद्ले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

तर नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

५७. <u>खारेजी र बचाउ:</u> (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ खारेज गरिएको छ।

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम गठित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नाममा रहेको चल, अचल सम्पत्ति तथा दायित्व परिषद्मा सर्नेछ।

चूडामणि पौडेल
सचिव

मन्त्री
शिक्षा तथा खेलकुद

## अनुसूची-१

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

| राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (एनभिक्यूएस)को तह | राष्ट्रिय योग्यता प्रणाली (एनक्यूएस)को तह |
|---|---|
| तह एक | आधारभुत शिक्षा तह-१ |
| तह दुई | आधारभुत शिक्षा तह-२ |
| तह तीन | आधारभुत शिक्षा वा सो सरह (प्राविधिक) |
| तह चार | राष्ट्रिय प्राविधिक प्रमाणपत्र (कक्षा दश) वा सो सरह (प्राविधिक) |
| तह पाँच | राष्ट्रिय डिप्लोमा वा प्रवीणता प्रमाणपत्र वा कक्षा बाह्र सरह (प्राविधिक) |
| तह छ | स्नातक वा स्नातक तह सरह (प्राविधिक) |
| तह सात | स्नातकोत्तर वा स्नातकोत्तर तह सरह (प्राविधिक) |
| तह आठ | विद्यावारिधि |